जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुट्छ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २७८ | २०८३ साल जेठ १० गते आईतवार | Sunday-24-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## उखु किसानको पीडा र वर्षौंदेखि बन्द चिनी मिल सञ्चालनको मागसहित गरूडामा ऐतिहासिक किसान भेला सम्पन्न

*शुभ आरम्भ संवाददाता*
*रौतहट, ९ जेठ*

रौतहट जिल्लाको गडा नगरपालिकास्थित श्रीराम सुगर मिल्स वर्षौंदेखि बन्द रहँदा हजारौं उखु किसानहरू गम्भीर आर्थिक संकटमा परेका छन् । मिल सञ्चालन नहुँदा आफ्नो पसिनाको उचित मूल्य पाउन नसकेको र जीविकोपार्जन नै प्रभावित बनेको भन्दै आक्रोशित किसानहरूले शनिबार गडामा एक ऐतिहासिक तथा भव्य किसान भेला सम्पन्न गरेका छन् । युवा समाजसेवी रवीन्द्र कुमार यादवको नेतृत्वमा आयोजित उक्त भेलाले बन्द चिनी मिललाई अविलम्ब सञ्चालनमा ल्याउन र किसानको जायज मागहरू पूरा गर्न सरकार तथा सरोकारवाला निकायलाई जोडदार दबाब दिएको छ । मिल परिसरमा आयोजित कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरूले जिल्लाको अर्थतन्त्रको मेदण्ड मानिने श्रीराम सुगर मिल्स लामो समयदेखि बन्द हुँदा यस क्षेत्रको कृषि र औद्योगिक वातावरण धराशायी भएको भन्दै चिन्ता व्यक्त गरे । मिल सञ्चालन र भुक्तानी सुनिश्चितता




कार्यक्रममा उपस्थित किसानहरूले एक स्वरमा भने हाम्रो मेहनतको फल हामीलाई चाहिन्छ । वर्षौंदेखि बन्द रहेको मिललाई कुनै पनि बहानामा थप अल्झाउने काम नगरियोस् । यदि मिल सञ्चालन हुन सक्दैन भने किसानको जमिन फिर्ता गरिनुपर्छ र बाँकी रहेको सम्पूर्ण भुक्तानी अविलम्ब गरिनुपर्छ । वक्ताहरूले उद्योगी र सरोकारवालाहरूले किसानको भविष्यमाथि खेलबाड गरिरहेको आरोप लगाउँदै सरकारले यसमाथि तत्काल हस्तक्षेप गर्नुपर्ने माग राखे ।

उक्त कार्यक्रम विशिष्ट अतिथिहरूको उपस्थितिमा भव्य रूपमा सम्पन्न भएको थियो । कार्यक्रममा सुज यादव, जस्मिन्द्र यादव, हरिन्द्र शाह सोनार, प्रमोद यादव, मञ्जु महतो, रिता शाह, कासी यादव, बुधु यादव, महेश यादव, रामराजी राम, बलिराम दास, मुना शाह, लक्ष्मण यादव र अमिन्द्र यादव लगायत सयौंको उपस्थिति थियो । स्थानीय स्तरमा प्रभाव राख्ने व्यक्तित्वहरूको सहभागिताले किसानको यो आवाजलाई थप सशक्त बनाएको छ ।

वि.सं. २०४९ मा स्थापित श्रीराम सुगर मिल्स एक समय जिल्लाको सबैभन्दा ठूलो औद्योगिक धरोहरका रूपमा रहेको थियो । तर

*बाँकी तेश्रो पृष्ठमा*

## पेटभर्वा मा.बि.मा ४ कोठे दुई तल्ले भवनको शिलान्यास

*रुपेश यादव*
*रौतहट, ८ जेठ*

रौतहटको फतुवा विजयपुर नगरपालिका अन्तर्गत वडा नम्बर-६ पेटभर्वास्थित माध्यमिक विद्यालय पेटभर्वा मा नयाँ विद्यालय भवन निर्माण कार्यको शिलान्यास गरिएको छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निर्माण हुन लागेको ४ कोठे दुई तल्ले विद्यालय भवनको शुक्रबार एक भव्य समारोहबीच नगरपालिकाकी कार्यवाहक नगर प्रमुख अम्बेया खातुन ले विधिवत रूपमा शिलान्यास गरेकी हुन् ।




लामो समयदेखि भवन अभाव झेल्दै आएको विद्यालयमा नयाँ संरचना निर्माण हुने भएपछि स्थानीय अभिभावक, विद्यार्थी तथा शिक्षकहरू उत्साहित बनेका छन् । कार्यक्रममा सहभागी स्थानीयवासीहरूले शैक्षिक पूर्वाधारको विकासले ग्रामीण क्षेत्रको शिक्षाको गुणस्तर सुधारमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका थिए ।

शिलान्यास कार्यक्रममा विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष प्रतिमा देवी यादव ले वैदिक विधिअनुसार पूजा-अर्चना गर्दै भवन निर्माण कार्य समयमै तथा गुणस्तरीय रूपमा सम्पन्न गर्न सम्बन्धित सबै पक्ष जिम्मेवार हुनुपर्ने बताइन् । उनले विद्यालयको भौतिक अवस्था कमजोर रहेकाले नयाँ भवनले विद्यार्थीलाई सहज र सुरक्षित वातावरणमा अध्ययन गर्ने अवसर प्रदान गर्ने उल्लेख गरिन् ।

विद्यालयका प्रधानाध्यापक राधेश्याम प्रसाद यादवका अनुसार उक्त भवन ५५ लाख रुपैयाँको लागतमा निर्माण हुन लागेको हो । भवन निर्माणको जिम्मा ईक्रा ईन साना कन्स्ट्रक्सनले पाएको जानकारी दिँदै उनले निर्धारित समयभित्र गुणस्तरीय निर्माण सम्पन्न गरिने विश्वास व्यक्त गरे ।

प्रधानाध्यापक यादवले विद्यालयमा पर्याप्त कक्षाकोठा नहुँदा वर्षौंदेखि विद्यार्थीहरूलाई साँघुरो तथा असहज वातावरणमा पठनपाठन गराउनुपरेको बताए । "नयाँ भवन निर्माणपछि विद्यार्थी तथा शिक्षकलाई धेरै सहज हुनेछ । आधुनिक र व्यवस्थित कक्षाकोठाले शिक्षण सिकाइ प्रक्रियालाई थप प्रभावकारी बनाउने अपेक्षा गरेका छौं," उनले भने ।

कार्यक्रमलाई सम्बोधन गर्दै जनप्रतिनिधिहरुले नगरको समग्र विकासका लागि शिक्षामा लगानी अपरिहार्य रहेको धारणा राखेका थिए । उनीहरूले शिक्षामा गरिएको लगानी कहिल्यै खेर नजाने उल्लेख गर्दै शैक्षिक पूर्वाधार विस्तारलाई नगरपालिकाले प्राथमिकतामा राखेको बताए । साथै आगामी दिनमा पनि विद्यालयहरूको भौतिक तथा शैक्षिक सुधारका लागि आवश्यक सहयोग निरन्तर जारी रहने प्रतिबद्धता जनाए ।

कार्यक्रममा नेपाली कांग्रेसका युवा नेता ज्ञानेन्द्र यादव,पुर्व बिधायक प्रत्यासी शेख शेराज, वडा अध्यक्षहरू रामएकवाल यादव, रमबिश्वास यादव, मोहम्मद एजाज, योजना प्रमुख सुधीर यादव, प्रधानाध्यापक सुबोध यादव, समाजसेवी राकेश यादव लगायत स्थानीय बुद्धिजीवी, अभिभावक, सुरक्षाकर्मी तथा सञ्चारकर्मीहरूको समेत उपस्थिति रहेको थियो ।

### श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय
### SHREE NEPAL RASTRIYA SECONDARY SCHOOL

कोल्हवी, ३ जुआवा, बारा
Kolhabi, 3 Juawa, Bara
मधेश प्रदेश, नेपाल
Madhesh Pradesh, Nepal
स्था: २०१६
ESTD. 2016

IEIEMIS CODE: 330900001

पत्र सं (Letter No.): २०८१।०८२
च.नं. (Ref No.): ४४

मिति: २०८३।०१।०६

**कर्मचारी आवश्यकता सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा कोल्हवी नगरपालिकाको च.नं. २७१६ मिति २०८३/०१/०९ गतेको प्राप्त पत्रानुसार र यस विद्यालयको वि.व्य.स.को मिति २०८३/०२/०३ गते बसेको बैठकको निर्णयानुसार कार्यालय सहायक (लेखापाल) रिक्त पद पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले सूचना प्रकाशित मितिबाट १५ दिन भित्र तपसिल अनुसारका रीतपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**तपसि**

| | |
|---|---|
| विज्ञापन नम्बर | :- १/२०८२/०८३ |
| पद | :- कार्यालय सहायक (लेखापाल) |
| नियुक्तिको किसिम | :- अस्थायी करार |
| शैक्षिक योग्यता | :- मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन संकायबाट +२ |
| उमेर | :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको |
| दरखास्तदिने अन्तिममिति | :- २०८३/०२/२० गते विद्यालयँ समयभित्र । |
| तलब सुविधा | :- नेपाल सरकारको नियम अनुसार । |
| दरखास्त दस्तुर | :- १०००।- (एक हजार मात्र) |
| परीक्षाको किसिम | :- लिखित, अन्तरवार्ता र आवश्यक परेमा प्रयोगात्मक गर्न सकिने छ । |
| सम्पर्क मिति | :- २०८३/०२/२१ गते । |
| परीक्षामिति | :- सम्पर्क मितिको दिन तोकिने छ । |
| सम्पर्क मो.नं. | :- ९८४५५५३२७३, ९८१२२४१६०७ |

**संलग्न गर्नुपर्ने कागजातहरु**

- हस्त लिखित निवेदन
- सम्पुर्ण शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (माथिल्लो शैक्षिक योग्यता भए सो समेत)
- नेपाली नागरिकताको प्रतिलिपि

प्रधानाध्यापक
राष्ट्रिय माध्यमिक विद्यालय
को.न.पा.३, जुआवा(बारा)

**नोट : निवेदनको साथमा दस्तुर यस श्री ने.रा.मा.वि.को कृषि विकास बैंक लि.कोल्हवी शाखामा रहेको खाता नं. ०५२६७०१४०५०६६०११ मा बुझाउनु होला ।**

EMAIL ID: juawaschool2016@gmail.com, CONTACT NO+977-9845553273


## सम्पत्ति कर संकलनमा सहजीकरण गर्न उपमहानगरपालिकाद्वारा सबै वडा कार्यालयलाई पत्राचार

*बारा, ०९ जेठ*

बाराको जीतपुरसिमरा उपमहानगरपालिकाले सम्पत्ति कर संकलनमा सहजीकरणका लागि सबै वडा कार्यालयलाई आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन दिएको छ ।

उपमहानगरपालिकाको नगर कार्यपालिकाको कार्यालयले जारी गरेको पत्रमार्फत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०८३ कार्यान्वयनमा ल्याइएको जानकारी गराइएको हो ।

उपमहानगरपालिकाका अनुसार २०८३ वैशाख ११ गते बसेको कार्यपालिका बैठकले "सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०८३" स्वीकृत गरेको थियो । सोही कार्यविधिअनुसार अब करदाताले मालपोत कर (भूमि कर) बुझाउनुअघि निर्धारित निवेदन फाराम भर्नुपर्ने व्यवस्था गरिएको छ ।



यस व्यवस्थाले सम्पत्ति विवरणलाई व्यवस्थित बनाउने, कर प्रशासनलाई प्रभावकारी बनाउने तथा करदातालाई सहज सेवा प्रवाह गर्ने अपेक्षा गरिएको उपमहानगरपालिकाले जनाएको छ । साथै, सम्बन्धित कार्यविधि उपमहानगरपालिकाको वेबसाइटबाट डाउनलोड गर्न सकिने जानकारी उपमहानगरपालिकाको राजस्व प्रशासन शाखा प्रमुख राम प्रसाद शर्मा पौडेलको हस्ताक्षरमा जारी पत्रमा उल्लेख गरिएको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

### विदेशै जानुपरे पनि ठगिन नपरोस्

देशमा रोजगारी नपाएर बिदेसिन बाध्य युवा तावाबाट उम्केको माछा भुंग्रोमा जस्तो भएका छन् । वैदेशिक रोजगारीमा जान लाग्दा ठगिन्छन् । न राज्यले रोजगारी दिन्छ, न न्याय । वैदेशिक रोजगार विभागमा हजारौं युवाका गुनासा पुग्छन् तर ठगहरुलाई ठेगान लगाउन ऊ असफल छ । घरबारी बेचेर बिदेसिन बाध्य युवालाई दलालले ठग्छन्, वैदेशिक रोजगारी दिने भनेर खुलेका कम्पनीले ठग्छन् भन्ने बेला सरकारले फ्रि भिसा फ्रि टिकट भन्छ ।

स्वास्थ्य जाँचमै ठगिन्छन् । हालै स्वास्थ्य जाँचको सिन्डिकेट तोड्ने र चर्को मूल्य लिनेलाई कारबाही गर्न सरकार तम्सिएका थियो । तर प्रणाली नबसाल्दा हालत सधैंलाई सु[illegible]एला भन्न सकिन्न । स्वास्थ्य जाँचका नाममा र अरु काममा हुने ठगी रोक्न अघिल्लो सरकारले विशेष कार्यदल नै बनाएर प्रतिवेदन बुझायो । बिचौलियाको जालोले उक्त प्रतिवेदन नै गायब बनाएको निर्लज्ज अवस्था छ ।

वैदेशिक रोजगारीमा ठगी गर्नेहरुको नाम सार्वजनिक गर्ने क्रम पनि रोकिएको छ । जसबाट थप नठगिऊन् भन्ने थियो, तिनीहरु नै फरार हुन थाले भन्ने तर्क गर्दै रोक्दा उनीहरुलाई प्रश्रय मिलेको छ । युवाले न्याय पाउने ढोका सजिलो बनाइएको छैन । ठगिएरै भए पनि बिदेसिन हतारिने युवाले न्यायका लागि वैदेशिक रोजगार विभागले अनेक कोणबाट सक्रियता देखाइरहेको छ । पछिल्लो समय नक्कली उजुरीकर्ता वा अन्य पीडितका नाम बोकेर विभागमा धाउने क्रम बढेको समाचार सार्वजनिक भएको छ । पीडितको पैसा उठाइदिन्छु भन्दै पैसा असुलेर उल्टै थप पीडित बनाएका उजुरीहरुसमेत विभागमा पुग्ने गरेका छन् । यसमा विभागले वास्तविक पीडित पहिचान गरी कामलाई तदारूकता दिनुपर्ने अवस्था छ ।

देशको अर्थतन्त्र धान्ने रेमिट्यान्स । त्यही रेमिट्यान्स पठाउने युवाप्रति राज्य गए जाऊ, नगए नजाऊ भन्ने ब्यवहार गरिरहेको छ । एक त पासपोर्ट दिने प्रक्रिया झन्झटिलो छ । अनि रोजगारी आफैं खोजेर विदेश जान्छुभन्दा पनि सरकार अपमानमात्रै गर्दैन, अन्यायको चोटमा नुनचुक छर्कन्छ । राज्यभन्दा यहाँ बिचौलिया राज बलियो छ र बिदेसिन लाग्दा ठगिने युवा निरीह । युवाको क्रन्दन दोहोरिएको छ, ठगी भयो भन्दै । तर अपराध र राजनीतिबीच अदृश्य साँठगाँठ छ । त्यो जालो राजनीतिले तोड्न चाहन्न । अहिले बनेको नयाँ सरकारसँग भने धेरैले धेरै अपेक्षा गरेका छन् ।

सुशासनका लागि भनेरै जसरी यो सरकारले कम्मर कसेर लागेको छ, वैदेशिक रोजगारीको ठगीपट्टि पनि उसको नजर आवश्यक छ । यो सरकारले दुईचार अनुगमनमात्रै नगरोस् र दुई चार छापामात्रै नमारोस् । यस्तो थिति बसालोस् कि युवाले पालिकामै परामर्श पाऊन् । सीप पाऊन् । सके रोजगारी
देशमै मिलोस् । विदेशै जानुपरे पनि ठगिन नपरोस् ।

# सम्भव छ कृषिलाई आत्मनिर्भर ?



**विष्णु बेल्वासे**

राज्यले कृषि क्षेत्रलाई केवल जीविकोपार्जनको माध्यम होइन, राष्ट्रिय अर्थतन्त्रको रणनीतिक आधारका रूपमा हेर्नुपर्छ ।

नेपालमा कृषि क्षेत्रमा आश्रित जनसंख्या अझै पनि ठूलो छ । नेपालको कृषि जनगणना तथा विभिन्न अध्ययनअनुसार देशका ४८ देखि ६० प्रतिशत घरधुरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि पेसासँग जोडिएका छन् । हिमाली क्षेत्रमा यो निर्भरता करिब ७६ प्रतिशत, पहाडमा ५८ प्रतिशत र तराईमा ५५ प्रतिशत रहेको पाइन्छ । हिमाली क्षेत्रमा उद्योग र सेवा क्षेत्रको पहुँच कम भएकाले कृषिमाथिको निर्भरता अझै उच्च छ भने पहाडी क्षेत्रमा वैदेशिक रोजगारीले कृषि श्रमशक्ति तीव्र रूपमा घटाएको छ । उर्वर भूमिको केन्द्र मानिने तराईमा समेत उद्योग, सेवा क्षेत्र र पछिल्ला वर्षमा वैदेशिक रोजगारीको प्रभावले कृषि पेसाप्रति आकर्षण क्रमशः घट्दै गएको देखिन्छ ।

नेपालको कृषि प्रणाली अझै पनि परम्परागत ढाँचामा आधारित छ । सानो तथा खण्डीकृत जमिन, बढ्दो उत्पादन लागत, पर्याप्त सिँचाइको अभाव, गुणस्तरीय बिउ र मलको अनियमित आपूर्ति, प्रविधिमा सीमित पहुँच, कमजोर भण्डारण प्रणाली र अस्थिर बजार व्यवस्थापनका कारण कृषि दिनप्रतिदिन जोखिमपूर्ण पेसाका रूपमा परिणत हुँदै गएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षित जीवनको खोजीमा ग्रामीण क्षेत्रबाट सहरतर्फ बसाइँसराइ बढ्दै जाँदा कृषि क्षेत्रमा श्रमिक अभावसमेत गम्भीर बन्दै गएको छ । कतिपय क्षेत्रमा खेतीयोग्य जमिन बाँझो रहनु यही संकटको संकेत हो ।

पछिल्लो दुई दशकमा विप्रेषणले नेपालको अर्थतन्त्र धानेको छ । तर विप्रेषणबाट प्राप्त ठूलो हिस्सा उत्पादनशील क्षेत्रमा लगानी हुनुको सट्टा उपभोग र आयातमा खर्च भइरहेको छ । कृषि तथा खाद्यजन्य वस्तुको आयात प्रत्येक वर्ष बढिरहेको छ । अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षणअनुसार चालु आर्थिक वर्षको पहिलो सात महिनामै करिब २०५ अर्ब रुपैयाँबराबरको कृषि आयात भइसकेको छ । फलफूल, तरकारी, तेल, धान, मकैदेखि सामान्य खाद्यान्नसम्ममा आयात निर्भरता बढ्नु खाद्य सुरक्षाका दृष्टिले चिन्ताजनक संकेत हो ।

यान्त्रिकीकरण, हरितगृह खेती, व्यावसायिक तरकारी तथा फलफूल उत्पादन, कृषि प्रशोधन उद्योग र जैविक उत्पादनलाई प्राथमिकतामा राख्दै कृषि क्षेत्रलाई उद्यमशील र प्रतिस्पर्धी बनाउनुपर्छ ।

दीर्घकालीन नीति, प्रभावकारी कार्यान्वयन, निजी क्षेत्रको लगानी र युवाको सहभागितामार्फत मात्र नेपाल कृषि क्षेत्रमा आत्मनिर्भर बन्न सक्छ । कृषि आत्मनिर्भरता कमजोर हुनुका पछाडि संरचनागत र नीतिगत दुवै कारण छन् । किसानले उत्पादन त गर्छन्, तर उत्पादनको उचित मूल्य पाउँदैनन् । बजार पहुँच कमजोर छ, बिचौलियाको प्रभाव बलियो छ र न्यूनतम समर्थन मूल्यको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । कृषि क्षेत्रमा दीर्घकालीन योजना, अनुसन्धान, उत्पादन-आधारित अनुदान तथा परिणाममुखी कार्यान्वयनको अभावले उत्पादनशीलता अपेक्षाअनुसार बढ्न सकेको छैन ।

कृषि पेसाले सम्मान, स्थायित्व र प्रतिफल नदिएसम्म युवा पुस्तालाई यस क्षेत्रमा टिकाइराख्न कठिन हुन्छ । अब परम्परागत सोच र सीमित वितरणमुखी कार्यक्रमले मात्र कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउन सकिँदैन । कृषि क्षेत्रलाई आधुनिक, व्यावसायिक र प्रतिस्पर्धी बनाउने दिशामा राज्यले स्पष्ट रणनीति लिन आवश्यक छ । कृषि केवल गुजारामुखी पेसा होइन, उत्पादन, रोजगारी र राष्ट्रिय अर्थतन्त्रको मुख्य आधार हो भन्ने विश्वास स्थापित गर्न जरुरी छ ।

तीन तहका सरकारको स्पष्ट जिम्मेवारी : कृषि विकासका लागि संघीय, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय अत्यन्त आवश्यक छ । संघीय सरकारले राष्ट्रिय कृषि नीति, दीर्घकालीन योजना, कृषि अनुसन्धान, ठूला सिँचाइ आयोजना, बिउ-मल आपूर्ति, कृषि बिमा र राष्ट्रिय बजार प्रणालीको व्यवस्थापन गर्नुपर्छ । प्रदेश सरकारले आफ्नो भूगोल, हावापानी र सम्भावनाअनुसार कृषि कार्यक्रम, मध्यमस्तरीय सिँचाइ आयोजना, प्राविधिक तालिम र क्षेत्रीय बजारीकरणलाई प्राथमिकता दिनुपर्छ । स्थानीय सरकारले किसानसँग प्रत्यक्ष समन्वय गर्दै साना सिँचाइ आयोजना, प्राविधिक सेवा, कृषि सहकारी, स्थानीय उत्पादनको बजारीकरण तथा उत्पादन-आधारित कार्यक्रम सञ्चालन गर्नुपर्छ । तर व्यवहारमा अझै पनि तीन तहबीच समन्वय कमजोर छ । एउटै प्रकृतिका कार्यक्रम दोहोरिने, स्रोत छरिने र प्रभाव मापन नहुने समस्या व्यापक छ । कृषि क्षेत्रमा परिणाममुखी योजना, स्पष्ट कार्यविभाजन र तीनै तहका सरकारबीच प्रभावकारी समन्वयबिना दिगो कृषि कार्यक्रमको कार्यान्वयन सम्भव छैन ।

युवालाई कृषितर्फ आकर्षित गर्नुपर्छ : नेपालमा कृषि श्रमशक्ति तीव्र रूपमा घटिरहेको छ । लाखौं युवा विदेश पलायन भइरहेका बेला कृषि क्षेत्रमा श्रमिक अभाव बढ्दै गएको छ । यस्तो अवस्थामा कृषि क्षेत्रलाई युवामैत्री बनाउनु अपरिहार्य छ । 'युवा एग्रो उद्यमी' कार्यक्रममार्फत सहुलियत ऋण, स्टार्टअप अनुदान, कृषि बिमा, प्रविधि पहुँच र बजार सुनिश्चितता उपलब्ध गराउन सकिए कृषि क्षेत्रमा नयाँ पुस्ताको आकर्षण बढाउन सकिन्छ । कृषिलाई सम्मानित र आयमूलक पेसाका रूपमा स्थापित नगरेसम्म केवल नाराले मात्र युवालाई खेतबारीमा फर्काउन सकिँदैन । कृषि शिक्षालाई व्यावहारिक बनाउने, कृषि स्नातकलाई उत्पादन र उद्यमसँग जोड्ने तथा निजी क्षेत्रलाई कृषि उद्योगमा लगानी गर्न आकर्षित गर्ने नीति आवश्यक छ । सरकारले हालै सार्वजनिक गरेको नीति तथा कार्यक्रममा कृषि क्षेत्रमा 'प्याकेज प्रणाली' र 'एग्रिटेक'को अवधारणालाई प्राथमिकतासाथ अघि सारिएको छ । विशेषगरी वैदेशिक रोजगारीबाट फर्किएका युवालाई कृषि क्षेत्रमा आकर्षित गर्ने उद्देश्यसहित ल्याइएको यो अवधारणा सकारात्मक संकेतका रूपमा लिन सकिन्छ । यदि यी कार्यक्रमहरू कागजमा मात्र सीमित नभई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिए कृषि क्षेत्रमा प्रविधिमैत्री, व्यावसायिक र उद्यमशील युवाको सहभागिता बढ्न सक्छ । आशा गरौं, यसले वैदेशिक रोजगारीबाट फर्किएका युवालाई साँच्चिकै कृषि पेसातर्फ आकर्षित गर्दै कृषि क्षेत्रलाई आधुनिक, उत्पादनमुखी र आत्मनिर्भर बनाउन ठोस योगदान पुर्‍याओस् ।

रैथाने बाली र जैविक उत्पादनको सम्भावना : नेपालको भौगोलिक विविधता कृषि उत्पादनका दृष्टिले ठूलो सम्भावना हो । दाङको तिल्की चामल, कपिलवस्तुको कालानमक चामल, कास्कीको जेठो बुढो चामल, जुम्लाको मार्सी चामल, चितवन र दाङको तोरीको तेलजस्ता रैथाने उत्पादनको संरक्षण, ब्रान्डिङ र बजारीकरण गर्न सकिए स्थानीय अर्थतन्त्रलाई बलियो बनाउन सकिन्छ । यी त केवल केही प्रतिनिधिमूलक उदाहरणमात्र हुन् । यस्ता सम्भावना र स्थानीय विशेषता देशभर छरिएर रहेका छन्, जसको समयमै पहिचान, संरक्षण, प्रवर्द्धन र बजारीकरण गर्न जरुरी छ ।

स्थानीय उत्पादनलाई भूगोल, संस्कृति र बजारसँग जोड्न सकिए कृषि क्षेत्रले आर्थिक समृद्धिसँगै स्थानीय पहिचानलाई समेत बलियो बनाउन सक्छ । यसका अलावा, विश्वव्यापी रूपमा जैविक उत्पादनप्रति आकर्षण बढिरहेका बेला नेपालले यस क्षेत्रमा प्रतिस्पर्धात्मक लाभ लिन सक्छ । विषादीको अत्यधिक प्रयोग नगर्ने परम्परागत खेती प्रणालीलाई वैज्ञानिक व्यवस्थापनसँग जोड्न सकिए नेपाली जैविक उत्पादनले अन्तर्राष्ट्रिय बजारसमेत पाउन सक्छ ।

कृषि उत्पादनलाई उद्योग र बजारसँग जोड्नुपर्छ : नेपालको कृषि क्षेत्रको अर्को ठूलो समस्या 'उत्पादनपछि के गर्ने ?' भन्ने हो । किसानले उत्पादन गरेपछि उचित भण्डारण, प्रशोधन र बजारको व्यवस्था नहुँदा लागतसमेत उठाउन कठिन हुन्छ । त्यसैले कृषि उत्पादनलाई प्रशोधन उद्योगसँग जोड्नु अत्यावश्यक छ । स्थानीय स्तरमै प्रशोधन केन्द्र स्थापना गरेर उत्पादनमा 'भ्यालु एड' गर्न सकिए रोजगारी सिर्जना हुनुका साथै किसानको आम्दानी पनि बढ्न सक्छ ।

दूधबाट चीज, फलफूलबाट जुस, आलुबाट चिप्स, धानबाट प्याकेज्ड चामलजस्ता प्रशोधित उत्पादनले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन सक्छन् । त्यसैगरी, कृषि सहकारी, संकलन केन्द्र, चिस्यान केन्द्र, नियमित हाटबजार र कृषि ढुवानी प्रणालीको विकास गर्न आवश्यक छ । न्यूनतम समर्थन मूल्य प्रभावकारी रूपमा लागू नगरेसम्म किसानले उत्पादनको उचित मूल्य पाउने अवस्था बन्दैन ।

सिँचाइ र पूर्वाधारमा दीर्घकालीन लगानी आवश्यक : नेपालका धेरै खेतीयोग्य जमिन अझै पनि आकाशेपानीको भरमा छन् । वर्षैभरि सिँचाइ उपलब्ध नहुँदा उत्पादन क्षमता सीमित भएको छ । सरकारले नीतिगत व्यवस्थामै उल्लेख गरेअनुसार एकीकृत सिँचाइ आयोजना, भूमिगत तथा सतही पानीको संयोजनात्मक उपयोगमार्फत वर्षभरि सिँचाइ सेवा उपलब्ध गराउने कुरालाई उच्च प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ । दुर्भाग्यवश, राष्ट्रिय गौरवका धेरै आयोजना वर्षौंदेखि अधुरै छन् । एउटै सिँचाइ आयोजना पूरा गर्न दशकौं लाग्नु कृषि क्षेत्रप्रतिको राज्यको कमजोर प्राथमिकताको उदाहरण हो । यसका साथै कृषि विकासका लागि आवश्यक पूर्वाधार, जस्तै कृषि सडक, भण्डारण तथा चिस्यान केन्द्र, संकलन केन्द्र र कृषि बजार प्रणालीको सुदृढीकरण अत्यन्त आवश्यक छ ।

वितरणमुखी होइन, उत्पादनमुखी नीति आवश्यक : पछिल्ला वर्षमा धेरै स्थानीय तहहरूले किसानलाई निःशुल्क बिउ वितरणलाई मुख्य कार्यक्रम बनाएका छन् । विपद् प्रभावित वा अति विपन्न किसानका लागि यस्तो सहयोग आवश्यक हुन सक्छ । तर उत्पादन योजना, अनुगमन र क्षमता विकासबिना हरेक वर्ष सबैलाई समान रूपमा बिउ बाँड्ने अभ्यासले आत्मनिर्भरभन्दा परनिर्भर मानसिकता बढाउने जोखिम छ ।

'पालिकाले दिने हो' भन्ने सोच विस्तार हुँदै जाँदा किसानमा आफ्नै बिउ संरक्षण, उत्पादन र व्यवस्थापन गर्ने संस्कार कमजोर बन्दै गएको छ । दीर्घकालीन रूपमा यसले उत्पादनशीलताको भन्दा अनुदानमुखी संस्कृतिको विस्तार गर्ने खतरा बढाउँछ । कृषि विकास भनेको केवल बिउ बाँड्नु होइन; उत्पादन, प्रविधि, सिँचाइ, भण्डारण, प्रशोधन र बजारसम्मको सम्पूर्ण प्रणालीलाई सुदृढ बनाउनु हो । त्यसैले अब स्थानीय तहहरूले वितरणमुखी कार्यक्रमभन्दा उत्पादनमुखी, सीपमुखी र क्षमता विकासमुखी कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ ।

यसका लागि -

- स्थानीय स्तरमा 'सामुदायिक बिउ बैंक' स्थापना गरी बिउ संरक्षण र आदान-प्रदानको व्यवस्था गर्नुपर्छ ।
- बिउ उत्पादन गर्ने किसान समूहलाई प्रोत्साहन र बजार सुनिश्चितता दिनुपर्छ ।
- स्थानीय एग्रोभेट र किसानबीच सहकार्य बढाउनुपर्छ ।
- जैविक तथा रैथाने बिउ उत्पादकलाई विशेष प्रोत्साहन दिनुपर्छ ।
- नर्सरी विकास, प्राविधिक तालिम र रोग व्यवस्थापन कार्यक्रम विस्तार गर्नुपर्छ ।
- अनुदानलाई उत्पादन र परिणामसँग जोड्नुपर्छ ।
- जंगली जनावरको समस्या भएका क्षेत्रमा संरक्षण र नियन्त्रणको व्यवस्था गर्नुपर्छ ।

निष्कर्ष : नेपालको कृषि संकट केवल उत्पादनको संकट होइन, यो नीति, बजार, पूर्वाधार र श्रम व्यवस्थापनसँग जोडिएको संरचनागत संकट हो । त्यसैले कृषि आत्मनिर्भरता केवल नाराबाट सम्भव छैन । उत्पादनदेखि बजारसम्मको सम्पूर्ण प्रणाली सुधार गर्ने दीर्घकालीन राजनीतिक प्रतिबद्धता आवश्यक छ । नेपालमा कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउन आधुनिक प्रविधि, वैज्ञानिक खेती प्रणाली, सिँचाइ सुविधा, कृषि अनुसन्धान, उत्पादन-आधारित अनुदान र प्रभावकारी बजार व्यवस्थापन आवश्यक छ । किसानलाई समयमै गुणस्तरीय बिउ, मल, उपकरण र बजार उपलब्ध गराउन सकिए उत्पादन उल्लेख्य रूपमा बढाउन सकिन्छ ।

यान्त्रिकीकरण, हरितगृह खेती, व्यावसायिक तरकारी तथा फलफूल उत्पादन, कृषि प्रशोधन उद्योग र जैविक उत्पादनलाई प्राथमिकतामा राख्दै कृषि क्षेत्रलाई उद्यमशील र प्रतिस्पर्धी बनाउनुपर्छ । राज्यले कृषि क्षेत्रलाई केवल जीविकोपार्जनको माध्यम होइन, राष्ट्रिय अर्थतन्त्रको रणनीतिक आधारका रूपमा हेर्नुपर्छ । दीर्घकालीन नीति, प्रभावकारी कार्यान्वयन, निजी क्षेत्रको लगानी र युवाको सहभागितामार्फत मात्र नेपाल कृषि क्षेत्रमा आत्मनिर्भर बन्न सक्छ ।
-बेल्वासे, समाजशास्त्री हुन् ।



ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।
फेटा गाउँपालिका, फेटा, बारा


समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# इरानसँगको जारी वार्तामा 'केही प्रगति' भएको अमेरिकी विदेशमन्त्रीको भनाइ

***हेलसिङ्कवर्ग*** - अमेरिकी विदेशमन्त्री मार्को रुबिओले द्वन्द्व रोक्नका लागि इरानसँग जारी वार्तामा 'केही प्रगति' भएको बताएका छन् । उनले उत्तर एटलान्टिक सन्धि सङ्गठन ९नेटो० का सहयोगीहरूको व्यवहारप्रति पुनः एक पटक असन्तुष्टि व्यक्त गरेका छन् । हेल्सिङबर्गमा पत्रकार सम्मेलनमा विदेशमन्त्री रुबियोले भने, 'इरान वार्ताले सकारात्मक सङ्केत देखाएको तर वार्ता सफल नभएमा अमेरिकासँग अन्य विकल्पहरू पनि तयार रहेको बताउनुभएको छ।त्यहाँ 'केही तर सामान्य प्रगति' भएको छ। म यसलाई बढाइचढाइ गर्न चाहन्न। त्यहाँ अलिकति फेरबदल भएको छ र यो राम्रो कुरा हो ।' अमेरिकाको मुख्य रणनीतिक मागबारे रुबियोले वासिङ्टनको धारणा अझै स्पष्ट रहेको बताए । रुबियोले भने, 'इरान ओमानलाई समावेश गरी एउटा प्रणाली बनाउन चाहन्छ । जसअन्तर्गत बन्द



जलमार्गबाट जाने जहाजहरूलाई शुल्क लगाइनेछ। प्रस्तावित सामुद्रिक कर व्यवस्थाको आलोचना गर्दै अमेरिकी विदेशमन्त्रीले भने, 'संसारका कुनै पनि देशले यस्तो व्यवस्था स्वीकार गर्नु हुँदैन ।' रुबियोले नेटो सहयोगीहरूसँगको आफ्नो सम्बन्धको बारेमा पनि बोले । मध्यपूर्वमा अमेरिकी सैन्य अभियानमा पश्चिमा सहयोगीहरूको फरक अडानका कारण तनाव कायमै रहेको उनले बताए । उनले भने, 'राष्ट्रपति ट्रम्पको असन्तुष्टिलाई सम्बोधन गर्नुपर्छ । मध्यपूर्वमा हाम्रो कार्यप्रति केही नेटो सहयोगीहरूको प्रतिक्रियाबाट राष्ट्रपति ट्रम्पको विचार र निराशा स्पष्ट छ। यो समस्या समाधान गर्नुपर्छ, तर यो तत्काल समाधान हुनेछैन ।' युरोपमा अमेरिकी सैन्य रणनीतिमा परिवर्तनको बारेमा सोधिएको प्रश्नको जवाफमा रुबियोले भने, 'यो निर्णय कुनै सहयोगीलाई दण्डित गर्नका लागि थिएन। अमेरिकामाथि विश्वभरको धेरै जिम्मेवारी छन् । सेना तैनाथीबारे समय-समयमा समीक्षा गर्नुपर्ने हुन्छ। यो कसैलाई सजाय दिने कार्य होइन, बरु एक निरन्तर प्रक्रिया हो।'

अमेरिका, इजरायल र इरानबीच अप्रिल ८ मा अस्थायी युद्धविराममा हस्ताक्षर भएको थियो । यसले केही सातादेखि हुँदै आएको आक्रमणलाई रोकेको थियो । तर, इस्लामावादमा प्रत्यक्ष वार्तासहित कैयौं प्रयासका बाबजुद अहिलेसम्म स्थायी सम्झौता हुन सकेको छैन । पाकिस्तानका आन्तरिक मामिला मन्त्री मोहसिन नक्वी एक सातापछि दोस्रो पटक बुधबार इरान पुगेका छन् । उनी पाकिस्तानका सेना प्रमुख असीम मुनिरका निकट मानिन्छन् । पाकिस्तानी मध्यस्थतामा अस्थायी युद्धविरामपछि खाडी क्षेत्रमा खुला आक्रमणमा भने कमी आएको छ । तर यो तनावले अझै पनि विश्व अर्थतन्त्रमा ठूलो असर पारिरहेको छ ।


## उखु...........

व्यवस्थापकीय कमजोरी र घाटाको कारण देखाउँदै २०७७ साल साउनदेखि यो मिल स्थायी रूपमा बन्द गरिएको छ । मिल बन्द भएपछि ७०० भन्दा बढी मजदुर बेरोजगार भएका छन् भने २० हजारभन्दा बढी उखु किसानहरू प्रत्यक्ष रूपमा मारमा परेका छन् ।

पछिल्लो समय संसदीय समिति र सरकारी स्तरबाट पनि मिल सञ्चालनका लागि पटक-पटक पहल भए पनि ठोस नतिजा आउन नसक्दा किसानहरू निराश छन् ।

यो ऐतिहासिक भेलाले सरोकारवालाहरूलाई पुनः एकपटक झकझक्याउने काम गरेको छ । यदि सम्बन्धित निकायले किसानको यो पीडालाई तत्काल सम्बोधन नगरे थप कडा आन्दोलनका कार्यक्रमहरू घोषणा गर्ने चेतावनी समेत भेलाले दिएको छ ।

गौर प्राथमिक कान उपचार केन्द्र
गौर - १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी
डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं – + ९७७ ९८५११९१०५०,९८४४४४४३४७
इंडियन नं :- +91 8935959150
सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर
दक्षिण तर्फ , शिवालय मंदिर से उत्तर

रौटहट मेडिसिन
प्रदेशिक अस्पताल, गौर के सामने
9855021172/9816826057
प्रदेश नं.-२ मा सफल मुटु को जाली द्वारा अप्रेशन संचालन गर्ने ईन्टरभेन्सन मुटुको डाक्टर



NMC NO. 6369
डा. जितेन्द्र कुमार मिश्रा
सह-प्राध्यापक ( Associate Professor )
हेड–मुटु रोग विभाग
नेशनल मेडिकल कालेज, वीरगंज
एम. बि. बि. एस., एम. डी.
Cardiology-Pakistan
बरिष्ठ मुटुरोग विशेषज्ञ
( १ ) मुटु सम्बन्धि सुविधाहरू:
- ECG - इ. सी. जी.
- ECHO - ईको ( मुटुको भिडियो एक्स-रे )
- TMT - ( दौडाएर मुटुको चाल हेर्ने )
- एन्जियोग्राफी ( मुटुको बन्द रक्त संचार जाँच गर्ने )
- एन्जियोपलाष्टि ( जाली द्वारा मुटुको बन्द रक्त संचार खोल्ने )
- पेस मेकर ( मुटुको चालमा गडबडी भएमा बैट्री हालेर ठिक गर्ने )
( २ ) मुटु सम्बन्धि जाँच गराउनु पर्ने अवस्थाहरू
( क ) ब्लड प्रेसर भएमा ( HTN )
( ख ) सुगर भएमा ( DM )
( ग ) हिड्ने बेलामा छातीमा दुख्ने अथवा भएमा
( घ ) हिडने बेलामा डम फल्ने अथवा स्याँ - स्याँ भएमा
( ङ ) मुटु ढुक - ढुक भएमा

जनहितमा जारी सन्देश
❖ सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
❖ घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
❖ सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
❖ बालश्रमको प्रयोग नगरौं नगराऔं ।
❖ जेष्ठ नागरिकको सम्मान गरौं ।
❖ अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
❖ महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
❖ फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
❖ जथाभावी फोहोर नगरौं ।
❖ भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।
ठोरी गाउँपालिका, ध्याङडाँडा, पर्सा


जनहितमा जारी सन्देश
❖ सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
❖ घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
❖ सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
❖ बालश्रमको प्रयोग नगरौं नगराऔं ।
❖ जेष्ठ नागरिकको सम्मान गरौं ।
❖ अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
❖ महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
❖ फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
❖ जथाभावी फोहोर नगरौं ।
❖ भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।
परवानीपुर गाउँपालिका, परवानीपुर, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# पत्रकार महासंघको नाममा आर्थिक सहयोग माग्ने शैलीप्रति तीव्र विरोध

*बारा, ०८ जेठ*

नेपाल पत्रकार महासंघ बारा शाखाले आफ्नो वार्षिक साधारणसभाका लागि विभिन्न व्यक्ति तथा संस्थासँग आर्थिक सहयोग माग्दै पत्र पठाएको विषय सार्वजनिक भएपछि त्यसप्रति चौतर्फी आलोचना सुरु भएको छ। पत्रकारिता जस्तो मर्यादित र जनविश्वासमा आधारित संस्थाले खुलेआम आर्थिक सहयोग माग्नुले महासंघको गरिमा र निष्पक्षतामाथि गम्भीर प्रश्न उठाएको भन्दै सञ्चारकर्मी तथा नागरिक समाजले कडा आपत्ति जनाएका छन् । सार्वजनिक भएको पत्रमा महासंघ बाराले आगामी वार्षिक साधारणसभा सम्पन्न गर्न आर्थिक अभाव रहेको उल्लेख गर्दै विभिन्न संघसंस्था, व्यवसायी तथा व्यक्तिसँग सहयोगको अपेक्षा गरेको देखिन्छ । पत्रमा "कार्यक्रम सफल पार्न आर्थिक सहयोग गरिदिनुहोला" भन्ने आशय स्पष्ट रूपमा उल्लेख गरिएको छ । उक्त पत्र सामाजिक सञ्जालमा भाइरल भएपछि पत्रकार महासंघको भूमिकामाथि नै प्रश्न उठ्न थालेको हो ।




आलोचकहरूको भनाइमा पत्रकार महासंघ पत्रकारहरूको हकहित, प्रेस स्वतन्त्रता र व्यावसायिक मर्यादाको रक्षा गर्ने संस्था हो । यस्तो संस्थाले व्यवसायी, ठेकेदार वा विभिन्न निकायसँग आर्थिक सहयोग माग्दा भोलिका दिनमा समाचार सम्प्रेषण र पत्रकारिताको निष्पक्षतामाथि असर पर्ने खतरा बढ्छ। "जससँग सहयोग लिइन्छ, उसमाथि कसरी निष्पक्ष समाचार लेख्ने?" भन्ने प्रश्न अहिले व्यापक रूपमा उठिरहेको छ।

कतिपय सञ्चारकर्मीहरूले महासंघको नेतृत्वले पत्रकारिताको साख गिराउने काम गरेको आरोप लगाएका छन् । उनीहरूका अनुसार पत्रकार महासंघले सदस्य शुल्क, वैधानिक स्रोत तथा पारदर्शी कार्यक्रम व्यवस्थापनमार्फत आफ्नो गतिविधि सञ्चालन गर्नुपर्ने हो । तर प्रत्यक्ष रूपमा आर्थिक सहयोग माग्ने पत्र वितरण गर्नुले संस्था आर्थिक रूपमा मात्र होइन, नैतिक रूपमा पनि कमजोर बनेको संकेत दिएको बताएका छन् । स्थानीय स्तरमा समेत यस घटनाले व्यापक चर्चा पाएको छ । केही पत्रकारहरूले नाम नखुलाउने शर्तमा भने, "पत्रकार महासंघ स्वयंले चन्दा माग्न थालेपछि पत्रकार र दलालबीचको भिन्नता मेटिने खतरा हुन्छ।" उनीहरूले महासंघ नेतृत्वले तत्काल सार्वजनिक रूपमा धारणा स्पष्ट पार्नुपर्ने माग गरेका छन् ।

सामाजिक सञ्जालमा समेत नागरिकहरूले कडा प्रतिक्रिया दिएका छन् । धेरैले पत्रकार महासंघलाई राजनीतिक प्रभाव र आर्थिक चलखेलबाट मुक्त गर्नुपर्ने आवश्यकता औंल्याएका छन् । केहीले त यस्तो कार्यले समग्र पत्रकारिता क्षेत्रकै विश्वसनीयतामाथि आघात पुगेको टिप्पणी गरेका छन् ।

यता महासंघ निकट स्रोतका अनुसार कार्यक्रम व्यवस्थापन र आर्थिक अभावका कारण सहयोग मागिएको भए पनि पत्र सार्वजनिक भएपछि नेतृत्व दबाबमा परेको बताइएको छ । तर हालसम्म महासंघ बाराले यस विषयमा औपचारिक प्रतिक्रिया दिएको छैन ।

पत्रकारिता क्षेत्रको विश्वसनीयता, निष्पक्षता र नैतिकता जोगाउनुपर्ने बेला स्वयं पत्रकारहरूको छाता संगठन विवादमा तानिनु दुर्भाग्यपूर्ण भएको भन्दै सरोकारवालाहरूले पारदर्शिता र आत्मसमीक्षाको माग गरेका छन् ।

# रास्वपा विस्तारित बैठकमा कुटाकुट प्रकरणः दुई नगर सभापति घाइते

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाराको विस्तारित बैठकमा दुई पक्षबीच झडप हुँदा दुई नगरपालिकाका सभापति घाइते भएका छन् । कलैयास्थित करणराज पार्टी प्यालेसमा शनिबार आयोजना गरिएको बैठकमा सांसद र पुराना कार्यकर्ताबीच विवाद हुँदा स्थिति कुटाकुटमा परिणत भएको हो ।

झडपमा रास्वपाका महागढीमाई नगर सभापति बिक्रम यादव र सिम्रौनगढ नगर सभापति साहेब अन्सारीसहित तीन जना घाइते भएका छन् । घाइतेहरूको अहिले कलैया प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ ।





रास्वपा बाराका संस्थापक अध्यक्ष चन्दन स्वर्णकारका अनुसार बैठकमा पार्टीका पुराना र संस्थापक कार्यकर्ताहरूमाथि हातपात भएपछि तनाव सिर्जना भएको थियो ।

उपचाररत महागढीमाई नगर सभापति बिक्रम यादवले सांसद अरबिन्द साहले आफ्नो हात समातेर गुण्डाहरू मार्फत कुटपिट गर्न लगाएको आरोप लगाएका छन् । बैठकमा सहभागी भएका सांसदहरूले बाहिरबाट मानिसहरू ल्याएर पुराना कार्यकर्तामाथि दमन गर्न खोजेको असन्तुष्ट पक्षको दाबी छ । पार्टीभित्र स्थानीय तहको निर्वाचनका लागि उम्मेदवारको टिकट पहिले नै बिक्री गरेको सूचना बाहिरिएपछि पुराना कार्यकर्ताले सो विषयमा स्पष्टीकरण सोध्न खोज्दा विवाद सुरु भएको बताइएको छ ।

यसका साथै, संस्थापक जिल्ला अध्यक्ष चन्दन स्वर्णकारको साधारण सदस्यता खारेज गरिएपछि जिल्लाका पुराना पदाधिकारी र सांसदहरूबीच केही समयदेखि सम्बन्ध चिसिएको थियो । विवाद समाधानका लागि केन्द्रबाट प्रतिनिधि कामनी चौधरीलाई पठाएर विस्तारित बैठक राखिए पनि स्थिति नियन्त्रण बाहिर गएको हो। आक्रोशित कार्यकर्ताहरूले बैठकस्थलमा पार्टी प्रतिनिधिका साथै जिल्लाका चारैजना सांसदहरूमाथि समेत हातपातको प्रयास गरेका थिए ।

तनाव बढेपछि सुरक्षाकर्मीले रास्वपा बारा क्षेत्र नम्बर-१ का सांसद गणेश धिमाल-२ का सांसद चन्दन सिंह, ३ का सांसद अरविन्द साह, ४ का सांसद रहबर अन्सारी र केन्द्रीय प्रतिनिधि कामनी चौधरीलाई सुरक्षा घेराभित्र राखेर बाहिर निकालेको थियो ।

बैठकमा नयाँ प्रवेश गरेकाहरूले कार्यसमितिलाई कब्जा गर्न खोजेको र वर्षौंदेखि संगठन विस्तारमा लागेका कार्यकर्तालाई पाखा लगाइएको भन्दै संस्थापक पक्ष रुष्ट बनेको छ ।

यता, बैठकस्थलबाट बाहिरिएका सांसदहरूले कलैयाको बरेवा दरबार होटलमा पत्रकार सम्मेलन गर्दै घटनाको खण्डन गरेका छन् । सांसदहरू गणेश धिमाल, चन्दन सिंह र अरविन्द साहले विस्तारित बैठकमा कुनै अप्रिय घटना नभएको दाबी गर्दै सञ्चारमाध्यममा आएका समाचारहरूलाई अपवाह भएको बताए । उनीहरूले आफूहरूमाथि कुटपिट नभएको र बैठक शान्तिपूर्ण रहेको दाबी गरे ।

# नेपाल-भारत सीमा सुरक्षा बैठकः तस्करी, लागूऔषध र डुबान समस्याबारे छलफल

*रौतहट, ०८ जेठ*

भारतको सितामढीमा नेपाल-भारत सीमा सुरक्षा तथा समन्वय सम्बन्धी महत्वपूर्ण बैठक सम्पन्न भएको छ। सीमावर्ती क्षेत्रमा बढ्दो तस्करी, लागूऔषध कारोबार र सीमा अपराध नियन्त्रणलाई केन्द्रमा राखेर आयोजित बैठकमा दुवै देशका सुरक्षा तथा प्रशासनिक अधिकारीबीच विस्तृत छलफल भएको हो।




शनिबार सम्पन्न दुईदेशीय बैठकमा नेपालतर्फबाट इन्द्रदेव यादव को नेतृत्वमा प्रतिनिधिमण्डल सहभागी भएको थियो भने भारतीय उच्च सुरक्षा अधिकारीहरूको पनि उपस्थिति रहेको थियो।

बैठकमा दिनेश सागर भुसाल, रामुराज कडरिया सहित विभिन्न सुरक्षा निकाय, भन्सार, वन तथा नापी कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो । बैठकमा विशेषगरी भारततर्फबाट हुने मदिरा तस्करी नियन्त्रण र नेपालतर्फ हुने लागूऔषध ओसारपसार रोकथामका विषयमा गम्भीर छलफल भएको रौतहटका प्रमुख जिल्ला अधिकारी भुसालले जानकारी दिए। उनका अनुसार सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रण, सुरक्षा निकायबीच सूचना आदान-प्रदानलाई प्रभावकारी बनाउने तथा संयुक्त समन्वय र सहकार्यलाई थप सुदृढ गर्ने विषयमा दुवै पक्षबीच सहमति बनेको छ।

बैठकमा रौतहटको डुबान समस्या पनि प्रमुख एजेण्डाका रूपमा उठाइएको थियो। भारतीय पक्षले सीमाक्षेत्र मिचेर निर्माण गरिरहेको बाँधका कारण गौरसहित करिब एक दर्जन सीमावर्ती गाउँ डुबानको उच्च जोखिममा परेको भन्दै नेपाली पक्षले तत्काल समाधानको माग गरेको थियो।

नेपाल-भारत सीमामा वर्षौंअघि निर्माण गरिएको बाँधमा रहेको स्लुइस गेट बन्द गरी पछिल्लो समय तटबन्ध विस्तार गर्ने क्रममा पानी निकासको संरचनासमेत पुरिएको भन्दै नेपाली अधिकारीहरूले चिन्ता व्यक्त गरेका थिए । पानी निकास अवरुद्ध हुँदा सीमावर्ती नेपाली भूभाग तालजस्तै बन्ने खतरा बढेको उल्लेख गर्दै तत्काल स्लुइस गेट सञ्चालनमा ल्याउन आग्रह गरिएको बैठकमा सहभागी एक अधिकारीले बताएका छन् ।

सीमावर्ती क्षेत्रमा पछिल्लो समय तस्करी तथा अवैध गतिविधि बढ्दै गएको अवस्थामा यस्ता बैठकले नेपाल-भारतबीचको सुरक्षा सहकार्यलाई थप मजबुत बनाउने विश्वास गरिएको छ । सहभागी अधिकारीहरूले सीमा क्षेत्रमा शान्ति, सुरक्षा र कानुनी व्यवस्था कायम गर्न संयुक्त प्रयासलाई निरन्तरता दिने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् ।

**जनहितमा जारी सन्देश**

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् । कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

**सुवर्ण गाउँपालिका**
कवहीगोठ, बारा

# निर्वाचन क्षेत्रमा मन्त्री समिरको जानतासङ्ग प्रत्यक्ष भेटघाट, शुभकामना आदानप्रदान तथा विकासबारे छलफल

*बारा, ०८ जेठ*

मधेस प्रदेश सरकारका नवनियुक्त विना विभागीय मन्त्री मा. महमम्द समिरले आफ्नो निर्वाचन क्षेत्र अन्तर्गत बारा जिल्लाका विभिन्न वडा तथा गाउँमा पुगेर स्थानीय नागरिकसँग भेटघाट, बधाई तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गर्नुभएको छ।



मन्त्री समिरले कलैया उपमहानगरपालिका वडा नं. १२, १०, २० र १९ तथा फेटा गाउँपालिका वडा नं. ५ र ६ मा पुगेर स्थानीय जनतासँग प्रत्यक्ष संवाद गर्नुभएको हो । कार्यक्रममा स्थानीय अगुवा, बुद्धिजीवी, युवावर्ग महिला समूह तथा सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो।

भेटघाटका क्रममा मन्त्री समिरले जनताको सुख-दु:ख, स्थानीय आवश्यकता तथा विकास निर्माणसम्बन्धी समस्याबारे जानकारी लिनुभएको थियो । उहाँले आफू जनताकै मतबाट निर्वाचित भएकाले जनभावनाअनुसार काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। साथै प्रदेश सरकार जनताको आधारभूत आवश्यकता पूरा गर्न तथा विकासलाई तीव्रता दिन प्रतिबद्ध रहेको बताउनुभयो।

स्थानीय बासिन्दाले मन्त्री समिरलाई स्वागत गर्दै क्षेत्रको विकास, सडक, शिक्षा, स्वास्थ्य, खानेपानी तथा युवाका रोजगारीका विषयमा ध्यान दिन आग्रह गरेका थिए। जवाफमा मन्त्री समिरले क्रमिक रूपमा सबै समस्याको समाधानका लागि पहल गर्ने आश्वासन दिनुभयो।

कार्यक्रममा सहभागीहरूले मन्त्री समिरको जनतामाझ प्रत्यक्ष पुगेर संवाद गर्ने शैलीको प्रशंसा गर्दै यसले जनप्रतिनिधि र जनताबीचको सम्बन्ध अझ मजबुत हुने विश्वास व्यक्त गरेका थिए।

भेटघाट तथा शुभकामना आदानप्रदान कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको जनाइएको छ । कार्यक्रम युवा नेता रुसतम अन्सारी बिकि साह लगायतको समेत उपस्थित रहेको थियो ।

**जनहितमा जारी सन्देश**

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बालश्रमको प्रयोग नगरौ नगराऔ ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

**बारागढी गाउँपालिका, खोपवा, बारा**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका